# औरही नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## पशु सेवा शाखा

औरही, महोत्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०७९/०८०
चलानी नं. :-

### लम्पी स्किन रोगबारे अत्यन्त जरुरी सूचना ।

गर्मीयाम सूरु भए लगतै देशभरि लम्पी स्किन रोगको प्रकोप फैलिएको छ । यो रोग झिंगा,( डाँस),भुसुना,लामखुट्टे,किर्नाको टोकाईबाट यो रोग सर्ने संक्रामक रोग हो । यो रोग लागेमा विशेषगरी गाई गोरु,भैसिको छालामा साह्रो गिर्खा देखिने र उच्च ज्वरो आउने गर्दछ ।रोग लागि सकेका गाई,भैसिको दुध उत्पादन घट्दछ । यो रोगको रोकथाम तथा उपचारका लागि निम्नानुसार गर्न अनुरोध गर्दछौ ।

**रोग देखिएका गाई,भैसिलाई गरिने प्राथमिक उपचारः**

. ज्वरो घटाउनका लागि मेलेक्सिकेम पारासिटामोल को प्रयोग गर्ने
. घाउ चिलाउन कम गर्नका लागि प्राविधिक सल्लाह अनुसार उचित औषधिको प्रयोग गर्ने
.फुटेको तथा आलो घाउ सफा गरी एन्टिसेप्टीक मल्हम स्प्रे प्रयोग गर्ने
.रोगका कारण सिथिल भएको पशुलाई आवश्यकता अनुसार सलाईन दिने
.शरीरमा गिर्खाको संख्या अत्याधिक भएका पशुमा डोरामेक्टिन सूई लगाउने
.घाउ पाकेको अवस्थामा प्राविधिकको सल्लाह अनसार एन्टिवायोटिक्सको सूई लगाउने

**रोग लागेका गाई,भैसिको हेरचाहः**

.रोग देखिने बित्तिकै बथानबाट छुटयाएर अलग्गै राख्ने।
.ज्वरो आएको पशुलाई जोत्नेगाडा तान्न काममा नलगाई आराम गराउने
.प्रशस्त मात्रामा सफा पानी खान दिने
.पातलो कुंडा वा नरम घाँस दिने,दाना पानी राम्ररी नखाने पशुलाई सख्खर पानी वा गुँड पानी खुवाउने ।
.गोठमा भिँगा,भुसुना, लामखुट्टे,किना लाग्न नदिने गोठ वरिपरि झाडी तथा बुटयान सफा गर्ने,गोठ फिनेलको झोलले सफा गर्ने,पशुको वरिपरी किरा तथा भुसुना भगाउने किसिमका स्प्रेको प्रयोग गर्ने
.आफनो गोठमा अनावश्यक व्यक्तिलाई आवतजावत गर्न नदिने रोगी पशुलाई सामुहिक चरन,खर्क,आहालमा नलैजाने ।

यस बारे थप जानकारीका लागि नजिकैको यसै न.पा पशु सेवा शाखामा सम्पर्क गर्नुहोला ।
रामजी प्रसाद यादव मो,९८०३००७४२५,दयाराम साह कानु,मो:९८१४२७५९८५,मैथुल प्रसाद यादव मो:९८१३४४५११८ मा सम्पर्क गर्नुहोला

पशु सेवा शाखा
औरही न.पा., महोत्तरी